nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

20°C । वर्ष :११, अंक : ११४ पृष्ठ ४ । शनिबार ,१२ पुस २०८२ । SATURDAY, DECEMBER 27, 2025 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## २२ दिन बित्दा पनि अपूर्ण मधेस सरकार, मन्त्रालय भागबन्डाको विवादले कामकाज प्रभावित




**जनकपुर,११ पुस ।**

मधेस प्रदेशमा मुख्यमन्त्री कृष्णा यादवको नेतृत्वमा नयाँ सरकार गठन भएको झण्डै एक महिना पुग्न लाग्दा पनि सरकार अझै अपूर्ण अवस्थामा रहेको छ । ६ दलीय समर्थनमा तत्कालीन मुख्यमन्त्री सरोज यादव नेतृत्वको सरकार ढालेर गठन भएको वर्तमान सरकारले २२ दिन बितिसक्दा पनि पूर्णता पाउन नसक्नुले सरकारको कार्यक्षमता र प्रतिबद्धतामाथि गम्भीर प्रश्न उठाएको छ ।

६ दलको समर्थनमा मंसिर १९ गते प्रदेश प्रमुखको कार्यालयबाट मुख्यमन्त्रीमा नियुक्त भएका यादवले सरकारलाई चुस्त, प्रभावकारी र जनमुखी बनाउने प्रतिबद्धता जनाएका थिए । तर व्यवहारमा सरकार विस्तारमै अल्झिँदा ती प्रतिबद्धता कागजी नारामा सीमित देखिन थालेका छन् । प्रदेश सरकारमा ११ वटा मन्त्रालय भए पनि अहिलेसम्म ५ जना मात्र मन्त्री नियुक्त भएका छन् । बाँकी ६ वटा मन्त्रालय मन्त्रीविहीन छन्, जसका कारण प्रशासनिक निर्णयदेखि नीति कार्यान्वयनसम्म असर पर्न थालेको छ । सरकार विस्तारमा ढिलाइ हुनुको मुख्य कारण सत्तारुढ दलहरूबीच मन्त्रालय भागबन्डामा सहमति नहुनु हो । सरकारमा सहभागी एक घटक दलका नेताका अनुसार ६ वटै दलले आफ्नो दलको भागमा बढी मन्त्रालयको माग गर्न थालेपछि विवाद चुलिएको हो ।परिणामस्वरूप, सरकार विस्तार प्रक्रिया ठप्पजस्तै बनेको छ । बिहीबार बसेको सत्तारुढ दलहरूको बैठकले पनि कुनै निष्कर्ष निकाल्न सकेन । मन्त्रालय भागबन्डामा सहमति जुट्न नसकेपछि बैठक निष्कर्षविहीन रूपमा टुंगिएको हो । बैठकमा जसपा नेपालका दलका नेता सरोज यादव बाहिरिएपछि थप छलफल हुन नसकेको बैठकमा सहभागी माओवादीका एक नेताले जानकारी दिए । उनका अनुसार अब मन्त्रीपरिषद कहिले पूर्णता पाउने हो भन्ने विषय अन्योलमै छ । सरकार गठन भएको यतिका दिन बितिसक्दा पनि नेतृत्व आन्तरिक भागबन्डामा अल्झिनुले जनतामा निराशा बढाएको छ । प्रदेशका ज्वलन्त समस्या बेरोजगारी, महँगी, शिक्षा, स्वास्थ्य र पूर्वाधारप्रति सरकारले ध्यान दिन नसकेको आरोप चुलिँदै गएको छ ।

## वीरगन्जको घन्टाघरमा मंगलबार जसपा नेपालको प्रदेशस्तरीय विरोध सभा

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,११ पुस ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालले प्रदेशस्तरीय विरोध सभा आयोजना गर्न लागेको छ । पर्सा जिल्लाको अगुवाइमा वीरगन्जको घन्टाघरमा यही १५ पुस (आउँदो मंगलबार) विरोध सभा हुने पर्सा जिल्ला कमिटीले जनाएको छ । जसपा नेपाल पर्साका अध्यक्ष रामनरेश यादवका अनुसार पार्टीको केन्द्रीय सर्कुलर बमोजिम यो विरोध कार्यक्रम तय गरिएको हो । सभामा पार्टीका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवसहित शीर्षस्थ नेताहरूको सहभागिता रहने पक्का गरिएको छ । अध्यक्ष यादवले सभामा पार्टीले




उठाउँदै आएको २८ बुँदे मुख्य माग र समसामयिक राष्ट्रिय मुद्दाहरू केन्द्रमा राखिने बताए । उनले जनतासँग प्रत्यक्ष सरोकार राख्ने मुद्दामा सरकारको बेवास्ता बढ्दै गएको भन्दै यसविरुद्ध दबाब सिर्जना गर्न प्रदेशस्तरीय आन्दोलन आवश्यक भएको स्पष्ट पारे । पार्टीले विरोध सभामा कार्यकर्ता, शुभेच्छुक र सर्वसाधारणलाई व्यापक सहभागिताका लागि आह्वान गरेको छ । पर्सा जिल्ला कमिटीले कार्यक्रम शान्तिपूर्ण र मर्यादित ढंगले सम्पन्न गरिने जानकारी दिएको छ ।

## एमाले छाडेर पूर्व अध्यक्ष जयप्रकाश थारु नेकपामा प्रवेश गर्दै



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,११ पुस ।**

नेकपा (एमाले) पर्साका पूर्व जिल्ला अध्यक्ष तथा दोस्रो संविधानसभाका सदस्य जयप्रकाश थारुले एमाले परित्याग गरेका छन् । पार्टी नेतृत्वको कार्यशैली र पछिल्लो राजनीतिक कार्यदिशाप्रति असन्तुष्टि जनाउँदै थारुले पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपाल नेतृत्वको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) मा प्रवेश गर्ने निर्णय गरेका हुन् । थारुको नेतृत्वमा पर्सा निर्वाचन क्षेत्र नम्बर ४ का सयौं नेता तथा कार्यकर्ताहरू पनि सामूहिक रूपमा नेकपामा समाहित हुने तयारीमा रहेको बताइएको छ । आज काठमाडौंको पेरिसडाँडास्थित नेकपाको केन्द्रीय कार्यालयमा आयोजना हुने विशेष समारोहमार्फत उनलाई औपचारिक रूपमा पार्टी प्रवेश गराइने कार्यक्रम रहेको छ ।एमालेभित्र आन्तरिक लोकतन्त्र कमजोर बन्दै गएको र नेतृत्वले एकलौटी ढंगले निर्णय गर्ने गरेको आरोप थारुले लामो समयदेखि लगाउँदै आएका थिए । उनको भनाइमा पार्टीभित्र न विचारको सम्मान रह्यो, न त इमानदार कार्यकर्ताको कदर नै । थारुनिकट स्रोतका अनुसार आगामी निर्वाचनमा पर्सा क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्ने आश्वासन पाएपछि उनले पार्टी परिवर्तनको औपचारिक निर्णय लिएका हुन् । "अब मधेस र मधेसी जनताको पक्षमा स्पष्ट एजेन्डा बोकेको दलबाट राजनीति गर्ने निष्कर्षमा पुगेका छौं," स्रोतको भनाइ छ । जयप्रकाश थारुको नेकपा प्रवेशले पर्सा जिल्ला र समग्र मधेस प्रदेशको कम्युनिस्ट राजनीतिमा नयाँ समीकरण बन्ने संकेत गरेको छ । यसअघि पनि पर्साबाट प्रह्लाद गिरी र ज्योती चौरसियाजस्ता प्रभावशाली नेताहरू एमाले छाडेर नेकपामा प्रवेश गरिसकेका छन् । थारुको बहिर्गमनले पर्सामा एमालेको संगठन कमजोर पर्ने र नेकपाले मधेसमा आफ्नो राजनीतिक प्रभाव थप विस्तार गर्ने विश्लेषकहरूको आँकलन छ ।

## मधेश प्रदेशको समृद्धि चाहिएको छ : सभामुख यादव



**जनकपुर,११ पुस ।**

मधेश प्रदेशका सभामुख रामअशिष यादवले मधेश प्रदेश सरकारले प्रदेशमा सुशासनका साथै मधेश प्रदेशको समृद्धि र लोकतन्त्रको मजवुतिका लागि काम गरोस् भने मधेश प्रदेशसभा चाहेको बताउनुभएको छ । मधेश प्रदेशसभामा शुक्रबार सञ्चारकर्मीसँग भेट र सम्मानका लागि आयोजित कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो । उहाँले मधेश प्रदेशसभा र मधेश प्रदेश सरकारबिच मजबुत सम्बन्ध रहेको चर्चा गर्दै समाजिक न्यायका लागि प्रदेश सरकारले गर्ने कामकाजमा प्रदेशसभाको साथ सहयोग रहने उल्लेख गर्नुभयो । उहाँले सभामुख पद कुनै दल विशेषको नहुने भन्दै सभामुख भएपछि दलभन्दा माथि उठेर कामकाज गर्नुपर्ने उल्लेख गर्दै संविधानको परिधिमा रहेर संघीयता र लोकतन्त्रको रक्षाका लागि मधेश प्रदेशसभाले खेल्नुपर्ने भूमिकामा आफू पछि नपर्ने उल्लेख गर्नुभयो । कार्यक्रममा सभामुख यादवले मधेश प्रदेशलाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दैआएका पत्रकारलाई डटपेन र डायरी प्रदान गर्दै गम्छा र फूलको माला लगाएर सम्मान गर्नुभएको थियो । कार्यक्रममा मधेश प्रदेशसभा सचिवालयका सचिव बासु कोइरालाले देशमा भएको विभिन्नखालको परिवर्तनमा पत्रकारको भूमिका महत्वपूर्ण रहेको चर्चा गर्दै समाजमा रहेको विकृतिहरुको विरुद्धमा कलम चलाउन सञ्चारकर्मीलाई आग्रह गर्नुभयो ।

## नालामा डुबेर १५ महिने बालकको मृत्यु

**रौतहट,११ पुस ।**

रौतहटको मौलापुर नगरपालिका-३, गम्हरिया टोलमा नालामा डुबेर १५ महिने बालकको मृत्यु भएको छ । स्थानीय राजेश साह तेलीका १५ महिनाका छोरा राजन साह तेली बिहीबार दिउँसो आफ्नै घर नजिकै रहेको नालामा डुबेर गम्भीर घाइते भएका थिए । उनलाई तत्काल उपचारका लागि वीरगञ्जस्थित तराई अस्पताल लगिएको थियो । तर, उपचारकै क्रममा बालकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ ।

## जेन-जी आन्दोलनसम्बन्धी जाँचबुझ आयोगविरुद्धको रिट सर्वोच्चद्वारा खारेज

**काठमाडौं,११ पुस ।**

सर्वोच्च अदालतले गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा भएको दमन तथा त्यसपछि भएका आगजनीका घटनाको छानबिन गर्न गठन गरिएको जाँचबुझ आयोगविरुद्ध परेको रिट निवेदन खारेज गरेको छ । न्यायाधीशहरू मनोजकुमार शर्मा, नहकुल सुवेदी र श्रीकान्त पौडेल सम्मिलित पूर्ण इजलासले

बाँकी तेश्रो पृष्ठमा⇨

## जेन-जी आन्दोलनले लोकतन्त्र र संविधान सुदृढ बनाउने अवसर दिएको छः उपराष्ट्रपति यादव

**काठमाडौं,११ पुस ।**

उपराष्ट्रपति रामसहायप्रसाद यादवले जेन-जी पुस्ताबाट सुरु भएको आन्दोलनले मुलुकलाई नयाँ सोच, मार्ग र दिशातर्फ अघि बढाउने अवसर प्रदान गरेको बताएका छन् ।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) ले शुक्रबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा बोल्दै उपराष्ट्रपति यादवले उक्त आन्दोलनले शिक्षण-सिकाइ प्रणालीलाई विवेकशील, सचेत, राष्ट्रभक्त र जिम्मेवार नागरिक उत्पादन गर्ने दिशामा रूपान्तरण गर्न प्रेरणा दिएको उल्लेख गरे ।

उनका अनुसार गत भदौमा देखिएको जेन-जी पुस्ताको आन्दोलनले लोकतान्त्रिक मूल्य र संविधानको मर्मलाई सुदृढ बनाउने महत्वपूर्ण अवसर सिर्जना गरेको छ ।

"यस आन्दोलनले समाजमा सकारात्मक ऊर्जा प्रवाह गर्दै देशलाई नयाँ दिशातर्फ डोर्याएको छ," उनले भने । उपराष्ट्रपति यादवले निजी क्षेत्रका शिक्षालयहरूले अनुसन्धान र नवप्रवर्द्धनमा जोड दिँदै राष्ट्रको आवश्यकता अनुरूप ज्ञान उत्पादनमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याए । यसप्रकारको शिक्षाले मात्र मुलुकको समग्र विकासमा टेवा पुग्ने उनको भनाइ थियो ।

**चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं।**

**जाडो तथा चिसोको समयमाः**

- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
- बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।
- शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं।
- घर तथा कोठा न्यानो बनाऔं।
- नियमित घाम ताप्ने गरौं।

**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## सरकारका भरोसायोग्य काम

नवयुवा (जेनजी) ले गरेको आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले छोटै अवधिमा भरोसायोग्य काम सुरु गरेको छ । आगामी फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन गराउने मुख्य कार्यभारसँगै मुलुकमा सुशासन र भ्रष्टाचार नियन्त्रण गर्न सरकारले प्रयास केन्द्रित गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले सुशासन र पारदर्शितालाई सरकारले कठोरतापूर्वक लागु गरेको बताउनुभएको छ । सुशासनका विषयमा आफू कटिबद्ध रहेको, सुशासन र पारदर्शिताको मामिलामा कहीँकतै सम्झौता नगरिने पनि उहाँले स्पष्ट पार्नुभएको छ । मन्त्रालयको जिम्मेवारी समालेको एक सय दिन पूरा भएको अवसरमा बुधबार पत्रकार सम्मेलन गरेर मन्त्री घिसिङले यो अवधिमा एक सय एक काम गरेको विवरण सार्वजनिक गर्नुभएको छ । उहाँले चुनाव सम्पन्न गर्नु सरकारको मुख्य कार्यभार भएकोमा जोड दिनुभएको छ । मन्त्री घिसिङले भन्नुभयो, “हामी जेनजी आन्दोलनबाट आएका छौँ । त्यसैले सुशासनका विषयलाई कुनै पनि बहानामा तलमाथि गर्न सक्दैनौँ ।” सरकार सुशासनका लागि कठोर रूपमा प्रस्तुत भएको छ । काम नगर्ने, ठगी खाने कर्मचारीलाई कारबाहीसमेत गरेको छ । मन्त्री घिसिङले तीन वटा मन्त्रालयको जिम्मेवारी समाल्नुभएको छ । उहाँले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत ३६ वटा, सहरी विकास मन्त्रालय अन्तर्गत ३४ वटा र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतका ३१ वटा उपलब्धि सार्वजनिक गर्नुभएको छ । एक सय दिन सुरुवात मात्र भएकाले अझै धेरै काम र सुधार गर्न बाँकी रहेको उल्लेख गर्दै मन्त्री घिसिङले आगामी दिनमा आफ्नो ध्यान बाँकी काम र सुधारतर्फ केन्द्रित हुने प्रस्टाउनुभएको छ ।

विगतमा नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक घिसिङले मुलुकमा व्याप्त १८ घण्टासम्मको लोडसेडिङ हटाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । अहोरात्र खटेर काम गर्नुभयो । त्यसका लागि उहाँले सबै क्षेत्रबाट स्याबासी पाउनुभयो । अहिले मन्त्री हुँदा पनि उहाँ अधिकांश समय ‘फिल्ड’ मै खटेर काम गरिरहनुभएको छ । उहाँले रुग्ण ठेक्का तोड्ने, बिजुली बक्यौता उठाउने, विपत् व्यवस्थापन, फोहोर व्यवस्थापन, आयोजनाको स्थलगत अनुगमन र विभिन्न आयोजनाका लागि ऋण सम्झौतालगायत काम गर्नुभएको छ । कसैको आलोचनाबाट नडराई, दबाबमा नझुकी र गलतसँग सम्झौता नगरी आफ्नो कर्तव्य पूरा गर्न उहाँ प्रतिबद्ध हुनुहुन्छ । जेनजी आन्दोलनको सुशासनसम्बन्धी मुख्य मागलाई उहाँले समालेका मन्त्रालयमा दृढताका साथ लागु गर्नुभएको छ । भाषणभन्दा काम र नतिजालाई प्राथमिकता दिनुभएको छ । मन्त्री घिसिङले एक सय दिनमा बन्चरेडाँडामा फोहोर विसर्जनका क्रममा स्थानीयबाट भएको अवरोध र देखिएको समस्याको सम्बोधन गर्नुभएको छ । मेलम्चीको खानेपानी वितरणमा स्थानीयबाट अवरोध हुँदा त्यसको समाधान गरिएको छ । तातोपानी-कोदारी सडक खुलाएर उत्तरी छिमेकी चीनसँगको नाका पुनः सञ्चालन गरिएको छ । बाढीपहिरोले क्षति पुर्‍याएको बिपी राजमार्गलाई समयमै अस्थायी रूपमा सञ्चालनमा ल्याई जनजीवन सहज बनेको छ । त्यसै गरी कोटेश्वर चोकको ट्राफिक व्यवस्थापन तथा यातायात सुधारका लागि प्रस्तावित सुरुङमार्ग निर्माणका लागि जापान सरकारसँग ३४ अर्ब ४९ करोड येन बराबर ऋण सम्झौता गरिएको छ ।

भौतिक मन्त्रालय अन्तर्गत ४० वटा रुग्ण ठेक्का तोडिएको छ । थप रुग्ण ठेक्का तोड्ने प्रक्रियामा छ । बाढीपहिरोबाट क्षतिग्रस्त बिपी राजमार्ग समयमै सञ्चालनमा ल्याई पुनर्निर्माण सुरु गरिएको छ । बुढीगण्डकी जलविद्युत् आयोजनाको ढाँचा (मोडालिटी) तयार गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाइएको छ । अपर अरुण जलविद्युत् आयोजनाको वित्तीय ढाँचा तयार भएको छ । भारत र बङ्गलादेशमा १९ अर्ब रुपियाँ बराबरको विद्युत् निर्यात गरिएको छ । नयाँ सरकार बनेपछि सरकारमा सहभागी मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्ने प्रचलन छ । यसलाई पनि एउटा पारदर्शितातर्फको कदमका रूपमा लिने गरिन्छ । सरकार गठन भएको एक सय दिन बितिसक्दा पनि सरकारका मन्त्रीहरूको सम्पत्ति विवरण किन सार्वजनिक भएन ? भन्ने जिज्ञासामा मन्त्री घिसिङले आफूले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाइसकेको जानकारी गराउनुभएको छ । उहाँले मन्त्री भएपछि दुई महिनाभित्रै आफूलगायत सबै मन्त्रीले मन्त्रीपरिषद्मा सम्पत्ति विवरण पेस गरेका स्पष्ट गर्नुभएको छ । उहाँले नयाँ राजनीतिक दल खोल्ने र नयाँ शक्ति मिलेर चुनावमा जाने सङ्केत गर्नुभएको छ ।

# औपचारिक समावेशितामै सीमित राजनीति




**जेबी विश्वकर्मा**

नेपाल बहुराष्ट्रिय राज्य हो । गोरखा राज्यको विस्तारसँगै नेपालमा पहाडी खसआर्यको प्रभुत्वमा आधारित एकल जातीय राज्य बन्न पुग्यो । राज्यसत्ताको मुख्य बागडोर जस्तै : व्यवस्थापिका, कार्यपालिका, न्यायालय, कर्मचारी प्रशासन, प्रहरी आदिमा निरन्तर निश्चित जातिको मात्रै वर्चस्व रहँदै आयो । यसकारण बहुसंख्यक उत्पीडित समुदायले ‘देश मेरो हो तर राज्य मेरो होइन’ भन्ने परिस्थिति बन्यो । राज्य सबैको हो भन्ने अपनत्व र स्वामित्वबोध गराउन, सबै वर्ग-लिंग-समुदायले समानताको अनुभूति गर्न र वास्तविक लोकतान्त्रिक-सामाजिक-राजनीतिक व्यवस्था स्थापित गर्न विगतमा थुप्रै राजनीतिक-सामाजिक विद्रोह अनि आन्दोलन भए । तिनै संघर्षको परिणाम नेपालमा संवैधानिक र राजनीतिक रूपमा समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गरिएको छ । एक हदसम्म राज्यसत्तामा महिला र उत्पीडित समुदायको प्रतिनिधित्व वृद्धि भएको छ । तथापि, समग्र राज्य संरचना, राजनीतिक पार्टी र सबै सार्वजनिक निकाय परम्परागत शक्ति सम्बन्धमा रूपान्तरण हुन सकेको छैन ।विभेद र बहिष्करणमा आधारित सामाजिक-आर्थिक शक्ति-सम्बन्धको रूपान्तरणबिना न वास्तविक लोकतन्त्र स्थापित हुन्छ, न अग्रगतमी समाजवादी व्यवस्था नै बन्छ । समाज र राज्यको पुनःसंरचनासँग जोडिएको यति महत्त्वपूर्ण राजनीतिक मुद्दामा नयाँ/पुराना राजनीतिक पार्टी जिम्मेवार र गम्भीर देखिँदैनन् । धेरैजसो पार्टीले त समावेशीकरणलाई कागजी दस्ताबेज, भाषण र यदाकदा संरचना समावेशी बनाउने औपचारिकतामा सीमित पारेका छन् । जेन-जी विद्रोहले राजनीतिक पार्टीहरूको गठन र विघटनको प्रक्रियालाई तीव्र पारेको छ । नयाँ-नयाँ राजनीतिक पार्टीको स्थापना भएका छन् । तर, जेन-जी विद्रोहपछिको राजनीतिक परिवेश विश्लेषण गर्दै समाजको अर्थ-राजनीतिक संकट हल गर्ने, राजनीतिक सर्वसत्तावाद र जातीय तथा लैंगिक प्रभुत्ववाद अन्त्य गर्ने र समावेशी राजनीतिक व्यवस्था निर्माण गर्ने स्पष्ट विचार र दृष्टिकोण पुराना वा नयाँ राजनीतिक दलमा देखिँदैन । जेन-जीका विभिन्न समूहभित्र पनि सामाजिक समावेशीकरणको महत्त्व र आवश्यकताबारे गम्भीर बहस हुन सकेको देखिँदैन । जेन-जी र सरकारबीचको सम्झौतामा निर्वाचन प्रणालीलाई समावेशी बनाइनुपर्ने बुँदा समेटिएको छ तर सरकारले जारी गरेको अध्यादेशले ती सवाललाई सम्बोधन गरेको छैन । यी सबै तथ्य विश्लेषण गर्ने हो भने जेन-जी विद्रोहअघि वा पछि अथवा नयाँ वा पुराना सबैजसो पार्टीले महिला, अपांगता भएका व्यक्ति र उत्पीडित समुदायलगायतको समावेशीकरणलाई औपचारिकतामा मात्रै सीमित गरिरहेको स्पष्ट देखिन्छ । **समावेशीकरण अनिवार्य सर्त** जेन-जी विद्रोहपछि बनेको प्रगतिशील लोकतान्त्रिक पार्टीले समावेशी सिद्धान्तअनुरूप अध्यक्ष मण्डल गठन गरेको छ । नेपाली राजनीतिक इतिहासमा यो नयाँ अभ्यास हो । यद्यपि, सो पार्टीले ऐतिहासिक संरचनागत बहिष्करण र विभेद अन्त्यका लागि कस्तो सिद्धान्त, विचार, नीति, कार्यक्रम ल्याउँछ र कार्यान्वयन गर्छ हेर्नै बाँकी छ । अर्कोतिर कुलमान घिसिङ, हर्क साम्पाङ, खगेन्द्र सुनार आदिको अग्रसरतामा पनि नयाँ पार्टी स्थापना भएका छन् । नेपालमा नयाँ वा पुराना पार्टीले ऐतिहासिक विभेद, उत्पीडन, अत्याचार अन्त्य गर्ने र समावेशी लोकतन्त्र स्थापित गर्ने दृढता, प्रतिबद्धता व्यवहारमा रूपान्तरित गर्न सकेका छैनन् । सामाजिक अन्तरविरोध हल गर्न र सामाजिक-राजनीतिक रूपान्तरणका लागि समावेशी अनिवार्य सर्त हो । त्यसैले पार्टीले संरचना, विचार, नीति र कार्यक्रममा समानुपातिक समावेशी सिद्धान्तलाई अवलम्बन गर्नुपर्छ, तर पार्टीहरू समावेशीकरणलाई केवल औपचारिकतामा सीमित गर्ने प्रवृत्तिबाट माथि उठ्न सकेका छैनन् । नेपालका महिला, दलित र उत्पीडित समुदायमाथि ऐतिहासिक रूपमा बहिष्करण गरी राज्यसत्तामा पुरुष र खसआर्य समुदायको एकाधिकार र प्रभुत्व अन्त्य गर्दै सबै जातजाति र समुदायको अपनत्व हुने राज्य निर्माणका लागि समावेशी सिद्धान्तको व्यावहारिक कार्यान्वयन हुनुपर्छ । एकल जातीय र लैंगिक वर्चस्व भएको राज्य व्यवस्था वास्तवमा लोकतान्त्रिक हुन सक्दैन । नेपालजस्तो विविधतायुक्त राज्यलाई लोकतान्त्रिक बनाउन समावेशीकरण अनिवार्य सर्त हो । राष्ट्रिय एकतालाई बलियो बनाउन राज्य समावेशी हुनुपर्छ । दक्षिण अफ्रिकामा रंगभेदविरुद्ध नेल्सन मण्डेलाको नेतृत्वमा भएको संघर्षकै कारण अफ्रिकामा महिला र अश्वेतको राजनीतिक प्रतिनिधित्वमा उल्लेख्य वृद्धि भयो । भारतमा डा. भीमराव अम्बेडकरलगायत जात व्यवस्थाविरोधी संघर्षले समावेशी राज्य व्यवस्थाको मुद्दा स्थापित भयो तथापि गान्धीले दलितको प्रतिनिधित्वमाथि अंकुश लगाउने काम गरे । यसैको परिणाम भारतीय राजनीति र राज्यसत्तामा दलितको प्रतिरोधी शक्ति बलियो हुन सकेको छैन । त्यसैले विभेदकारी राजनीतिक शक्ति सम्बन्धको अन्त्य र राज्यशक्तिमाथि हस्तक्षेपका

बाँकी तेश्रो पृष्ठमा⇨

# ओली-देउवाहरूले निम्त्याइरहेको अर्को दुर्घटना

**गेजा शर्मा वाग्ले**

जेन-जी विद्रोह निम्त्याउन प्रमुख रूपमा जिम्मेवार तत्कालीन प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच शृंखलाबद्ध बैठक र प्रतिनिधिसभा पुनःस्थापनाको चर्चाले राजनीति थप अन्योल र जटिल हुँदै गएको छ । प्रारम्भदेखि नै जेन-जी विद्रोहलाई अस्वीकार गरी चुनौती दिँदै आएका ओलीका उत्तेजक अभिव्यक्ति र गैरजिम्मेवार टिप्पणीले राजनीति थप द्वन्द्व र संकटतर्फ उन्मुख हुँदै आएको छ । एमालेले संस्थागत रूपमा आधिकारिक निर्णय गरेर विघटित प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै मंसिर १० गते सर्वोच्च अदालत गएपछि तरल र अन्योलपूर्ण राजनीति थप पेचिलो हुँदै आएको थियो । केन्द्रीय समितिको निर्णयविपरीत आकस्मिक र नाटकीय रूपमा एमालेले जस्तै पुनःस्थापनाको माग गर्दै देउवानिकट कांग्रेसका ६५ सांसद पनि सर्वोच्च अदालत गएपछि तीव्र राजनीतिक ध्रुवीकरण सुरु भएको छ ।

के प्रतिनिधिसभा पुनःस्थापनाको माग गरेर ओली र देउवाले जेन-जी विद्रोहलाई चुनौती दिएकै हुन् ? ओलीको रणनीति के हो ? के प्रतिनिधिसभा पुनःस्थापना सम्भव छ ? प्रतिनिधिसभा पुनःस्थापना कांग्रेसको नीति हो कि एमालेको ? के देउवा र ओलीबीच पुरानै ‘सम्बन्ध’ र समीकरण स्थापित भएपछि कांग्रेस पनि पुनःस्थापनाको पक्षमा गएको हो ? यो कांग्रेसको द्वैध चरित्र हो कि अघोषित रणनीति ? के ओली र देउवा अहिले पनि नेपाली राजनीतिका निर्णायक पात्र हुन् ? भन्ने जस्ता जटिल र अनुत्तरित प्रश्नहरू स्वाभाविक रूपमा उठेका छन् । त्यसैले ओली र देउवाको रणनीति तथा यसले पार्ने तत्कालीन र दीर्घकालीन राजनीतिक प्रभावका बारेमा वस्तुनिष्ठ विश्लेषण गर्ने प्रयास गरिएको छ । **ओलीको रणनीति, देउवाको सहमति** जेन-जी विद्रोहको कारणले सत्ताबाट विस्थापित भएपछि विकसित भएको राजनीतिक परिदृश्य र ध्रुवीकरणका दृष्टिले एमाले र ओली पूर्ण रूपमा एक्लिएको देखिन्छ । परिवर्तित राजनीतिक परिदृश्य एमाले र ओलीका लागि प्रतिकूल देखिन्छ । आफ्नो अस्तित्व (ओलीको दृष्टि र शब्दमा वर्चस्व) कायम राख्ने ओलीको रणनीति सफल बनाउन कांग्रेससँगको सहकार्य विगतमा भन्दा पनि बढी आवश्यक देखिएको छ । त्यसैले देउवामार्फत कांग्रेससँगको रणनीतिक सहकार्यलाई अहिले ओलीले उच्च प्राथमिकता दिएको देखिन्छ । सत्ता राजनीतिका वाचाल र कुटिल खेलाडी ओलीले देउवाका लागि सत्ता कुन तह, परिधि र घनत्वसम्मको कमजोरी भएको रहस्य नबुझ्ने प्रश्नै भएन । आफूपछि सत्ताको ललिपप देखाएर ओलीले हिजो पनि देउवालाई खेलाएका थिए, आज पनि खेलाइरहेको प्रतीत हुन्छ । सत्ताको अतृप्त प्यासी देउवा हिजो पनि ओलीसँग वशीभूत थिए, आज पनि त्यस्तै वशीभूत भएको देखिन्छ । देउवाको यस्तो प्रवृत्तिले ‘ओलीपथमा कांग्रेस’ तथा ‘कांग्रेसको एमालेकरण’ भनी व्यंग्यात्मक टिप्पणीसमेत गरिएको छ । प्रतिनिधिसभा पुनःस्थापना कांग्रेस र देउवाको होइन, एमाले र ओलीको एजेन्डा भएको वास्तविकता घाम जस्तै छर्लङ्ग छ । प्रतिनिधिसभा पुनःस्थापना भएपछि सत्ताको इन्द्रजाल फालेर पुनःस्थापनाको एजेन्डा र कांग्रेस पार्टीलाई ओलीले आफ्नो राजनीतिक अभीष्टको रक्षाकवच बनाउने रणनीति अख्तियार गरेको देखिन्छ । सिंगापुरबाट फर्किएका देउवालाई भेट्न १९ मंसिरमा पत्नी राधिका शाक्यका साथ गएपछि सुरु भएका शृंखलाबद्ध बैठकबाट ओली-देउवाबीच अघोषित सम्झौता भएको ‘ओपन सेक्रेट’ जस्तै हो । उक्त बैठकको ४ दिनपछि मंसिर २३ मा देउवाकै निर्देशनमा उनीनिकट ८ सांसद प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै सर्वोच्च अदालत गएका थिए । ७ पुसमा महासचिव शंकर पोखरेललाई लिएर दोस्रो पटक देउवालाई भेटेको भोलिपल्टै गत मंगलबार थप ५७ गरी ६५ जना सांसदले सर्वोच्चमा पूरक रिट दर्ता गरेपछि उक्त वास्तविकताको पुष्टि भएको छ । देउवालाई प्रयोग गरेर आफ्नो स्वार्थ हासिल गर्ने रणनीतिमा ओली प्रारम्भिक रूपमा सफल भएको देखिन्छ । कांग्रेसका लागि योभन्दा ठूलो दुर्भाग्य अरू के हुन सक्छ ? ओलीको अर्को तत्कालीन स्वार्थ भनेको आसन्न राष्ट्रिय सभाको निर्वाचन हो । एक्लै लड्दा पराजित हुने भएकाले ‘कांग्रेससँगको गठबन्धन अपरिहार्य भएको’ निष्कर्षसहित देउवासँगको सम्बन्ध र कांग्रेससँगको सहकार्यलाई विशेष प्राथमिकता दिएको देखिन्छ । तर भदौ २४ सम्मको सत्ता सहयात्री कांग्रेसलाई धोका दिएर एमालेको नेतृत्वमा सरकार बनाउन मधेश प्रदेशमा ओलीले कति घृणित र निम्नस्तरको खेल खेलेका थिए ? उक्त वास्तविकतालाई आत्मसात् नगरी सहकार्य वा सम्झौता गर्‍यो भने कांग्रेसले पुनः अर्को धोका पाउने निश्चित छ । **कांग्रेस कि देउवाको रणनीति ?** कांग्रेसको इतिहासकै सर्वाधिक ४९ दिन लामो केन्द्रीय समितिको बैठकबाट फागुन २१ मा हुने प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुने निर्णय गरेको थियो । प्रतिनिधिसभा विघटनलाई असंवैधानिक भएको संज्ञा दिए पनि जेन-जी विद्रोहको राजनीतिक वास्तविकतालाई स्वीकार गर्दै निर्वाचनमा सहभागी हुने निर्णय सकारात्मक थियो । तर केन्द्रीय समितिको निर्णयविपरीत देउवा र संस्थापन पक्ष पुनःस्थापनाको पक्षमा उभिएपछि कांग्रेस विभाजित मात्रै भएको छैन, कांग्रेसको निर्णय र देउवाको नियतमाथि गम्भीर प्रश्नचिह्न खडा भएको छ ।इतर पक्षका नेता मानिने शेखर कोइरालाले त पुनःस्थापनाको रिट निवेदनमा हस्ताक्षर गरेका छैनन् । तर कोइरालाका

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## हामी मिलेर हाम्रो आशाको बंगलादेश बनाउनेछौँ : तारिक रहमान



*काठमाडौं,११ पुस ।*

बंगलादेश नेशनलिस्ट पार्टी (बीएनपी) का कार्यकारी अध्यक्ष तारिक रहमानले ढाकामा आयोजित र्‍यालीलाई सम्बोधन गर्दै आशाको बंगलादेश बनाउन सकिने बताएका छन् । उनले आगामी दिनमा जो कोही देशको नेतृत्वमा आए पनि, बीएनपीले त्यस नेतृत्वअन्तर्गत नयाँ बंगलादेश निर्माणका लागि मिलेर काम गर्ने स्पष्ट पारे । तारिक रहमान करिब १६ वर्षपछि २६ डिसेम्बरमा ढाका फर्किएका हुन् । र्‍यालीमा उनले देश र जनताको विकासका लागि आफूसँग योजना रहेको दाबी गरे । उनले यो योजनाले जनताको भाग्य बदल्न सक्ने बताए पनि त्यसबारे विस्तृत जानकारी दिएनन् । आफ्नो सम्बोधनको अन्त्यमा उनले हिंसा नगर्न आग्रह गर्दै देशमा शान्ति कायम राख्नु सबैको जिम्मेवारी भएको उल्लेख गरे । बंगलादेशमा आगामी वर्ष फेब्रुअरीमा आम निर्वाचन हुँदैछ । निर्वाचनअघि तारिक् रहमानको स्वदेश फिर्तालाई अर्थपूर्ण रूपमा हेरिएको छ । यस निर्वाचनमा अवामी लिगलाई भाग लिन प्रतिबन्ध लगाइएको छ । यस्तो अवस्थामा बीएनपीले चुनाव जितेमा तारिक् रहमान प्रधानमन्त्री बन्न सक्ने सम्भावना देखिएको छ। बीएनपीको नेतृत्व हाल रहमानकै हातमा छ, किनकि उनकी आमा तथा पार्टी अध्यक्ष खालिदा जियाको स्वास्थ्य अवस्था सन्तोषजनक छैन । खालिदा जिया चार दशकभन्दा बढी समयदेखि बंगलादेशी राजनीतिमा सक्रिय छिन् । उनका पति जियाउर रहमान राष्ट्रपति रहेका बेला उनको हत्या भएको थियो, त्यसपछि खालिदा जियाले बीएनपीको नेतृत्व सम्हालेकी थिइन् । खालिदा जिया बहुदलीय लोकतन्त्रकी समर्थक मानिन्छिन् र उनी बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री हुन् । बीएनपीले उनको नेतृत्वमा विभिन्न समयमा सत्ता सम्हालेको थियो । यद्यपि पार्टीले पछिल्ला तीन निर्वाचन बहिष्कार गरेको थियो । हाल बीएनपीलाई बंगलादेशको सबैभन्दा ठूलो राजनीतिक दलका रूपमा हेरिँदै आएको छ र आगामी निर्वाचनमा सत्ता हात पार्ने सम्भावना बलियो रहेको बताइँदैछ ।

## अमेरिकासँगको छलफल सकारात्मक हुँदैछ : जेलेनेस्की



*काठमाडौं,११ पुस ।*

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी प्रतिनिधिमण्डलसँग रुस-युक्रेन युद्ध समाप्त गर्ने विषयमा सकारात्मक कुराकानी भएको बताएका छन् । जेलेन्स्कीले बिहीबार अमेरिकी दूत स्टिभ विट्कफ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाँइ जारेड कुश्नरसँग झन्डै एक घण्टा लामो कुराकानी गरेका थिए ।बुधबार फ्लोरिडामा अमेरिकी र युक्रेनी प्रतिनिधिहरूले २० बुँदे शान्तिमा बुधबार सहमति गरेका थिए । उक्त योजना केही साताअघि विट्कफले तयार पारेको प्रारम्भिक मस्यौदाको संशोधित रुपमा हो । यसअघि प्रारम्भिक मस्यौदाले रुसलाई मात्रै फाइदा पुर्‍याउने देखिएको भन्दै जेलेनेस्की यसमा सहमत दिएनन् । बुधबार संशोधित प्रस्तावमा युक्रेनलाई सुरक्षा ग्यारेन्टी मिलेको उनले बताए । 'यो योजनामा अब अमेरिका, नेटो र युरोपेलीहरूले दिएको सुरक्षा ग्यारेन्टी समावेश छ, जसअनुसार रुसले फेरि आक्रमण गरेमा संयोजित सैन्य प्रतिक्रिया आउनेछ,' उनले भने । युक्रेनको औद्योगिक पूर्वी डोनेत्स्क क्षेत्रमा 'स्वतन्त्र आर्थिक क्षेत्र' स्थापना गर्न सकिने जेलेनेस्कीले बताए । रुसले हाल डोनेत्स्कको ७५% र छिमेकी लुहान्स्कको ९९% हाराहारीमा इलाका कब्जा गरेको छ। यी दुवै इलाकालाई डोन्बास क्षेत्र भनिन्छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अहिले रुसी नियन्त्रणमा रहेका क्षेत्र रुसीकै हुनुपर्ने दाबी गर्दै आएका छन् । बिहीबार क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले अमेरिकाबाट आएका प्रस्तावहरूको अध्ययन भइरहेको बताए। 'हामी यो सामग्रीको परीक्षण गरिरहेका छौं, र राष्ट्रप्रमुखले लिने निर्णयका आधारमा अमेरिकीहरूसँग हाम्रो संवाद जारी राख्नेछौं,' उनले भने। दुई देशबीच वार्ताको पहल र लडाइँ एकसाथ चलिरहेको छ। युक्रेनी सेनाले बिहीबार क्रुज मिसाइलले रुसको दक्षिणी रोस्तोभ क्षेत्रको प्रमुख तेल प्रशोधन कारखानामाथि प्रहार गरेको जनाएको छ । त्यस्तै, रुसी रक्षा मन्त्रालयले डोनेत्स्क क्षेत्रको स्वियातो-पोक्रोभ्स्के बस्ती कब्जामा आएको दाबी गरेको छ ।

## वेस्ट ब्याङ्कमा इजरायलद्वारा प्रस्तावित नयाँ बस्तीको चौतर्फी आलोचना

*काठमाडौं,११ पुस ।*

विभिन्न १४ वटा राष्ट्रले इजरायली सुरक्षा मन्त्रिपरिषदले वेस्ट ब्याङ्कमा प्रस्तावित १९ वटा नयाँ बस्तीलाई स्वीकृति दिएकोमा आलोचना गरेका छन्। संयुक्त विज्ञप्ति जारी गर्दै बेलायत, स्पेन, फ्रान्स, जर्मनी, क्यानडा,जापानलगाएतका देशले आलेचना गरेको जनाइएको छ । राष्ट्रले इजरायली निर्णयले अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन गरेको तर्कसहित यो प्रक्रियाले वेस्ट ब्याङ्कमा राजनीतिको तीव्रता भन्दै उनीहरूले इजरायलले यो कदम यथासिग्र फिर्ता लिनु पर्ने बताएका छन् ।

बेल्जियम, क्यानडा, डेनमार्क, फ्रान्स, जर्मनी, इटाली, आइसल्याण्ड, आयरल्यान्ड, जापान, माल्टा, नेदरल्यान्ड्स, नर्वे, स्पेन र बेलायतले इजरायली सुरक्षा क्याबिनेटले कब्जा गरेको वेस्ट ब्याङ्कमा १९ वटा नयाँ बस्तीको स्वीकृतिको निन्दा गरेको बेलायतका विदेश सचिव यभेट कुपरले सार्वजनिक गरेको संयुक्त विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा हाल वेस्ट ब्याङ्कको समस्याको कारण अन्तर र्‍ाष्ट्रिय कानूनको उल्लङ्घन मात्र नभई अस्थिरतालाई बढावा दिने जोखिम पनि रहेको बताएको छ ।

यसको कारण गाजा क्षेत्र भरि दीर्घकालीन शान्ति र सुरक्षाको सम्भावनालाई हानि पुर्याउने तथा गाजाका लागि व्यापक योजनाको कार्यान्वयनलाई कमजोर पार्ने उच्च जोखिम रहेको जनाइएको छ ।

विज्ञप्तिमा कुनै पनि प्रकारको विलय र ई-१ व्यवस्थापन र हजारौं नयाँ आवास एकाइको स्वीकृति लगायतका नीतिको विस्तारको विरोध गर्दै इजरायललाई यो निर्णयलाई उल्टाउन, साथै संयुक्त राष्ट्र सुरक्षा परिषदको प्रस्ताव २३३४ अनुरूप बस्तीको विस्तार गर्न आह्वान गरिएको छ ।

प्यालेस्टिनीको आत्मनिर्णयको अधिकारको समर्थनमा दृढ रहेको बताउदै संयुक्त राष्ट्र सुरक्षा परिषदको सान्दर्भिक प्रस्ताव अनुसार दुई-राज्य विच न्यायपूर्ण र स्थायी शान्तिका लागि अटल प्रतिबद्धतालाई दोहोर्यादै इजरायल र प्यालेस्टाइनको सुरक्षित र मान्यता प्राप्त सीमाभित्र शान्ति र सुरक्षाका लागि वार्ताको विकल्प नभएको विज्ञप्तिमा उल्लेख गरिएको छ । यस अघि इजरायली मन्त्रिपरिषदले वेस्ट ब्याङ्कमा ११ वटा नयाँ बस्ती स्थापना गर्न स्वीकृति दिएको थियो भने थप आठ वटा बस्तीलाई हालै थप गर्न चाहेको जनाइएको छ सबै बस्ती वेस्ट ब्याङ्को क्षेत्र सीमा अवस्थित छन् । रासस/एएनआई

### औपचारिक समावेशि.......

लागि उत्पीडित समुदायको सशक्त प्रतिनिधित्व हुनुपर्छ । यसका लागि महिला, उत्पीडित र पछाडि पारिएका समुदायको राज्यसत्ता, राजनीति र सार्वजनिक निकायमा समावेशीकरण अनिवार्य छ । नेपालमा शासक जाति, वर्ग र समुदायबाहेक बहुसंख्यक उत्पीडित समुदायमाथि निरन्तर बहिष्करण, हिंसा, विभेद र अत्याचार हुँदै आएको इतिहास छ । गोरखा राज्य विस्तारपछि पहाडी खसआर्यले दलित, आदिवासी जनजाति, मधेशीलगायत उत्पीडित समुदायमाथि कानुनै बनाएर अमानवीय अत्याचार गर्दै आएका हुन् । एकल जातिवादी निरंकुश राज्यसत्ताले गरेको ऐतिहासिक विभेद, दमन र अत्याचारको क्षतिपूर्तिस्वरूप उत्पीडित समुदायले समानुपातिक समावेशी अधिकार दाबी गरेका हुन् । त्यसैले ऐतिहासिक अत्याचारको क्षतिपूर्तिस्वरूप महिला र उत्पीडित समुदायलाई थप अधिकार वा समानुपातिक समावेशी अधिकार प्रदान गर्ने सवाल सामाजिक न्यायको अनिवार्य आवश्यकता हो । त्यसैले अबको राजनीति उत्पीडित समुदायको अर्थपूर्ण प्रतिनिधित्वबिना अगाडि बढ्न सक्दैन ।साभार ईकान्तिपुर ।

### ओली-देउवाहरूले......

विश्वासपात्र सांसदहरूले हस्ताक्षर गरेपछि उनको दृष्टिकोणबारे पनि प्रश्न उठेका छन् । तर अर्जुननर सिंह केसी, विश्वप्रकाश शर्मा, प्रदीप पौडेललगायत महामन्त्री गगन थापा निकट नेता र सांसदहरूले पुन:स्थापना होइन, निर्वाचनको पक्षमा दृढतापूर्वक दृष्टिकोण र अडान राख्दै आएका छन् । कांग्रेसको नीति केन्द्रीय समितिले तय गर्छ कि देउवाले ? यो कांग्रेसको नीति हो कि देउवाको रणनीति ? के कांग्रेस अहिले पनि देउवाले नेपथ्यबाट चलाइरहेका छन् ? जेन-जी विद्रोहपछि उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहकको जिम्मेवारी दिएर अघोषित रूपमा राजनीतिबाट अवकाश लिएका भनिएका देउवाले किन अहिले पनि पर्दा पछाडिबाट सत्ताको चलखेल गरिरहेका छन् ? गत बुधबारको कार्यसम्पादन समितिको बैठकपछि महामन्त्री थापाले सञ्चारकर्मीहरूसँग 'खड्का नाम मात्रको कार्यवाहक सभापति भएको र सबै अधिकार देउवामै निहित रहेको' टिप्पणी गरेपछि उक्त वास्तविकताको थप पुष्टि भएको छ । देउवाको यस्तो सत्तामुखी र ओलीप्रति वशीभूत हुने प्रवृत्तिले कांग्रेसको केही बचे-खुचेको पहिचान र प्रतिष्ठा पनि समूल नष्ट हुने जोखिम देखिएको छ । सत्ताको अतिरिक्त भोक र भोगबाट अतृप्त अजिंगर जस्तो यस्तो प्रवृत्तिले विगत लामो समयदेखि सत्ताको खालमा कांग्रेसलाई बन्धक बनाउँदै आएको छ ।साभार ईकान्तिपुर ।

### हुस्सु-कुहिरोमा.........

सहयोग गर्ने र दुर्घटनाको जोखिम घटाउने अपेक्षा गरिएको छ ।पछिल्ला केही दिनयता रौतहटसहित सम्पूर्ण मधेस प्रदेशमा बाक्लो हुस्सु र चिसो बढ्दै गएको छ, जसले सवारी आवागमनमा समेत असर पारेको छ । यस्तो अवस्थालाई मध्यनजर गर्दै सडक सुरक्षालाई प्राथमिकतामा राखी गरिएको यो पहल प्रभावकारी हुने विश्वास प्रहरीले व्यक्त गरेको छ ।

### पाँच महिनापछि..........

रेशम चौधरी अध्यक्ष चयन भएपछि रञ्जिता श्रेष्ठ असन्तुष्ट बनेकी थिइन् । त्यसपछि नेतृत्व विवाद निर्वाचन आयोगसम्म पुगेको थियो, जहाँ आयोगले अध्यक्षका रूपमा रञ्जिता श्रेष्ठलाई नै मान्यता दिएको थियो । यही निर्णयपछि पार्टीभित्र गुटबन्दी तीव्र बन्दै गयो र प्रदेश तथा केन्द्रसम्म यसको असर देखिएको थियो । आन्तरिक विवादका कारण सुदूरपश्चिम प्रदेशमा नागरिक उन्मुक्ति पार्टीले पाउने अवस्थामा रहेको मुख्यमन्त्री पदसमेत गुमाउनु पर्‍यो भने सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको थियो । अन्ततः आयोगबाट मान्यता नपाएपछि रेशम चौधरी अलग भई नयाँ पार्टी गठन गरेका थिए ।पाँच महिनापछि फेरि दुई पक्ष एकतामा जान लागेसँगै नागरिक उन्मुक्ति पार्टीको आन्तरिक विवाद समाप्त हुने र पार्टीको राजनीतिक यात्रा नयाँ ढंगले अघि बढ्ने अपेक्षा गरिएको छ ।

### जेन-जी आन्दोलन........

शुक्रबार उक्त रिट खारेज गर्ने फैसला सुनाएको हो । यसअघि न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासले सरकारसँग लिखित जवाफ माग्दै कारण देखाऊ आदेश जारी गरेको थियो ।अधिवक्ता विपिन ढकालले दायर गरेको रिटमाथि सुनुवाइपछि पूर्ण इजलासले आयोगको गठन र कार्यक्षेत्रसम्बन्धी केही निर्देशनात्मक आदेशसमेत जारी गरेको छ ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

# स्वास्थ्य

## सुत्केरीपछि स्तन पहिलेकै स्वरुपमा आउँछ ?




गर्भावस्थापछि स्तनमा विभिन्न खालका परिवर्तन आउँदा महिलाका लागि चिन्ताको विषय बन्न सक्छ । किनकि यस्ता परिवर्तनले स्तन झोलिने, आवश्यक भन्दा ठूलो भई शरीरको बनावट बिगार्ने चिन्ता हुनसक्छ । तर बच्चा जन्मिएपछि पनि महिलाले जीवनशैलीमा ध्यान दिए पहिलाकै अवस्थामा स्तन ल्याउन सक्छिन् । बच्चा जन्मेपछि पोषणका लागि आमाको स्तन तयारी अवस्थामा रहनका लागि हर्मोनल परिवर्तन गर्भावस्था सुरु भएदेखि नै आउन थाल्छ । सबैभन्दा पहिला स्तनमा हल्का दुखाइ अनुभव हुन थाल्छ । गर्भ बसेको दुई सातामा यो गर्भवतीको पहिलो लक्षणको रूपमा देखिन्छ । बिस्तारै स्तन भारी भएको जस्तो पनि हुन थाल्छ । कसैले हल्का त कसैले तीव्र दुखाइ अनुभव गर्न सक्छन् । गर्भावस्थामा एस्ट्रोजेन र प्रोजेस्ट्रोन हर्मोन परिवर्तन हुँदा सो दुखाइ कहिले दाहिने त कहिले देब्रे स्तनमा हुनसक्छ । यसरी दुखाइ हुनुको एउटै उद्देश्य हो, स्तनपानको लागि तयारी । वास्तवमा, गर्भावस्थाको समयमा स्तनको आकार पहिलेको तुलनामा बढ्न थाल्छ । जसकारण बढी संवेदनशील हुन्छ । संवेदनशील भएकै कारण कहिलेकाहीं छुँदा पनि दुखाइ महसुस हुन्छ । गर्भावस्थामा स्तन दुख्ने अर्को कारण 'फाइब्रोसिस्टिक' भनिने अवस्था हुन सक्छ, जसमा एक वा दुवै स्तनमा साना गाँठोहरू बन्छन् । यसले सुन्निने र दुख्ने समस्या निम्त्याउन सक्छ । **स्तनको रङ्गमा परिवर्तन** गर्भावस्थामा निप्पलको रङ्गमा पनि परिवर्तन आउँछ । गर्भावस्थामा हर्मोनको प्रभावले छालामा रंग बढाउने मेलानिन तत्त्वको मात्रा बढाउँछ । जसकारण हेर्दा गाढा र कालो रङ्को देखिन थाल्छ । गर्भावस्था बढ्दै जाँदा निप्पलको रङ गाढा हुँदै जान्छ र बच्चा जन्मेपछि स्वतः सामान्य हुन्छ । गर्भावस्थाको अन्तरालमा जसले दुखाइको लक्षणको सामना गर्दैनन् । उनीहरूले चिन्ता लिनुपर्ने अवस्था हुँदैनन् । किनकि यस्ता लक्षण व्यक्तिअनुसार फरक पर्न सक्छ । **दूध उत्पादन** गर्भावस्थामा महिलाको शरीरमा एस्ट्रोजन हर्मोन वृद्धि भई दूध आउने नलीलाई बढाउँछ । पातलो नली हुँदै दूध निप्पलमा पुग्छ । गर्भ रहेको १४ सातापछि स्तनमा दूध बन्न सुरु हुन्छ । निप्पल र एरियोलाको आकार पनि बढ्छ । स्तनमा रक्तसञ्चार बढ्न थालेपछि स्तन नजिकैको नसामा काँडा उम्रिएको जस्तो देखिन्छ, जसलाई एलोरा भनिन्छ । कैयौं महिलामा बच्चा हुनुअघि नै दूध जस्तो तरल पदार्थ बगेको जस्तो लक्षण देखिन सक्छ । सामान्यतया गर्भावस्थाको २६ देखि ३० साता वा अन्तिम सातामा स्तन ग्रन्थीबाट दूध आउनु सामान्य हो । यो स्तनपानका लागि तयार भएको दूध 'कोलोस्ट्रम' हुनसक्छ ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निर्माण कार्य गरौं ।

परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।

**करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा**

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# पाँच महिनापछि रेशम-रञ्जिताको नागरिक उन्मुक्ति पार्टी फेरि एकतामा





**काठमाडौं,११ पुस ।** संस्थापक नेता रेशम चौधरी रहेको नागरिक उन्मुक्ति पार्टी नेपाल र रञ्जिता श्रेष्ठ अध्यक्ष रहेको नागरिक उन्मुक्ति पार्टीबीच पुन: एकता हुने भएको छ । गत भदौमा विभाजन भएको उक्त पार्टी शनिबार औपचारिक रूपमा फेरि एकतामा जान लागेको हो । आन्तरिक विवाद चर्किँदै गएपछि रञ्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टीबाट रेशम चौधरी भदौ २९ गते अलग भएका थिए । त्यसपछि उनले कात्तिक २ गते निर्वाचन आयोगमा आफू संरक्षक रहने गरी कविर सोबको अध्यक्षतामा नागरिक उन्मुक्ति पार्टी नेपाल दर्ता गराएका थिए । रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी नेपालले यसअघि राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीसँग चुनावी एकता गर्दै एउटै चुनाव चिन्हमा निर्वाचन लड्ने सहमति गरिसकेको छ । यहीबीच अब रञ्जिता श्रेष्ठ नेतृत्वको पार्टीसँग पनि एकता हुन लागेको हो । रञ्जिता श्रेष्ठले नागरिक उन्मुक्ति पार्टी नेपालसँग एकता हुन लागेको पुष्टि गर्दै भनिन्, “केही कारणले उहाँहरू पार्टी छाडेर जानुभएको थियो, फेरि प्रयास गरेर मिलाइएको छ ।” एकतापछि पार्टीको नाम नागरिक उन्मुक्ति पार्टी नेपाल नै रहने, झन्डा र चुनाव चिन्ह पनि सोही पार्टीकै रहने सहमति भएको बताइएको छ । नागरिक उन्मुक्ति पार्टीका उपाध्यक्ष अब्दुल खानले दुई पक्षबीच एकता टुंगिएको र एकीकृत पार्टीको नाम, झन्डा तथा चुनाव चिन्ह नागरिक उन्मुक्ति पार्टी नेपालकै रहने जानकारी दिए । रेशम चौधरी जेलमा रहेको समयमा २०७८ पुसमा रञ्जिता श्रेष्ठको अध्यक्षतामा नागरिक उन्मुक्ति पार्टी गठन भएको थियो । २०७९ को आमनिर्वाचनमा पार्टीले उल्लेखनीय सफलता हासिल गरेको थियो । २०८० जेठमा चौधरी रिहा भएपछि पार्टी अझै सशक्त बने पनि सोही वर्षको पुसमा भएको महाधिवेशनपछि आन्तरिक विवाद तीव्र बनेको थियो । महाधिवेशनबाट

बाँकी तेश्रो पृष्ठमा⇨

# प्रतिनिधिसभा चुनावको ४५ दिनअघि आचारसंहिता लागू गर्ने आयोगको तयारी




**काठमाडौं,११ पुस ।** निर्वाचन आयोगले आगामी फागुन २१ गते तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदानको ४५ दिन अघिदेखि निर्वाचन आचारसंहिता लागू गर्ने तयारी गरेको छ। आयोगले निर्वाचन आचारसंहिता-२०८२ को मस्यौदा तयार पारेर हाल राजनीतिक दल, सरकार तथा अन्य सरोकारवालासँग राय-सुझाव मागिरहेको छ । कार्यबाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार प्राप्त सुझावका आधारमा आगामी साता दल र सरकारसँग छलफल गरी आचारसंहितालाई अन्तिम रूप दिने तयारी भइरहेको छ । ‘निर्वाचन आचारसंहितालाई अन्तिम रूप दिन सरकार र राजनीतिक दलहरूसँग छलफल गर्न बाँकी छ,’ भण्डारीले भने, ‘आगामी साता सो छलफल गर्नेबारे तयारी भइरहेको छ।’ उनका अनुसार यसअघिका निर्वाचनमा जस्तै यस पटक पनि निर्वाचनको ४५ दिनअघि आचारसंहिता लागू गर्ने प्रचलनलाई निरन्तरता दिइनेछ। यस आधारमा माघको पहिलो सातादेखि आचारसंहिता लागू हुने सम्भावना रहेको उनले बताए । निर्वाचन आयोग ऐन २०७३ को दफा २२ ले दिएको अधिकारअनुसार निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी, मितव्ययी तथा भयमुक्त बनाउन आयोगले आचारसंहिता निर्धारण गर्दै आएको छ । आयोगले तोकेको मितिदेखि तोकेको क्षेत्रभित्र उक्त आचारसंहिता लागू हुनेछ । आचारसंहिता लागू भएपछि सरकार, राजनीतिक दल तथा उम्मेदवारहरूले विशेष सावधानी अपनाउनुपर्ने हुन्छ । यस अवधिमा सरकारले निर्वाचनसम्बन्धी अत्यावश्यक कामबाहेक नियुक्ति, सरुवा, बढुवा तथा नीतिगत निर्णय गर्न नपाउने व्यवस्था रहनेछ । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले आचारसंहिताको प्रारम्भिक मस्यौदामा राय-सुझाव आउने क्रम जारी रहेको जानकारी दिए । ‘एक-डेढ महिनाअघि नै दलहरूसहित सरोकारवालासँग छलफल गरी मस्यौदा सार्वजनिक गरेका थियौं,’ उनले भने, ‘आएका सुझावलाई कानुन शाखामार्फत समेटेर केही दिनभित्रै आचारसंहितालाई अन्तिम रूप दिने तयारी छ ।’

# आपत्तिजनक सामाजिक सञ्जाल टिप्पणीविरुद्ध राजविराजमा प्रदर्शन



**जनकपुर,११ पुस ।** सामाजिक सञ्जालमार्फत हिन्दु धर्मावलम्बीको आस्थामाथि अपमानजनक टिप्पणी गरिएको आरोपमा कारबाहीको माग गर्दै सप्तरीको राजविराजमा शुक्रबार विरोध प्रदर्शन गरिएको छ । प्रदर्शनका क्रममा राष्ट्रिय बजरङ्ग दल र हिन्दु सम्राट सेना सम्बद्ध कार्यकर्ताहरूले राजविराज बजार बन्द गराएका हुन् । प्रदर्शनकारीहरूले राजविराज निवासी अफरोज आलमले सामाजिक सञ्जालमा आपत्तिजनक टिप्पणी गरेको आरोप लगाउँदै कानुनी कारबाहीको मागसहित नाराबाजी गरे । बन्दका कारण राजविराजबाट चल्ने छोटो तथा लामो दूरीका सवारीसाधन ठप्प भएका छन् भने सरकारी कार्यालयहरूमा समेत आंशिक प्रभाव परेको छ । सप्तरी जिल्ला अदालतले समेत सूचना टाँस गरी एक दिनका लागि सेवा प्रवाह स्थगित गरेको छ । हिन्दु सम्राट सेना सप्तरीका अध्यक्ष सुरेन्द्र दासका अनुसार हिन्दु धर्मावलम्बीको आस्थामा चोट पुग्ने गरी सामाजिक सञ्जालमा टिप्पणी गर्नेलाई कानुनी दायरामा ल्याउनुपर्ने मागसहित प्रदर्शन गरिएको हो । यसअघि राष्ट्रिय बजरङ्ग दल, हिन्दु सम्राट सेना र श्रीकृष्ण जन्माष्टमी रथयात्रा आयोजक समिति सप्तरीले बुधबार संयुक्त रूपमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेललाई ज्ञापनपत्र बुझाउँदै कारबाहीको माग गरेका थिए ।ज्ञापनपत्रमा राजविराज नगरपालिका-१ रहमतपुर टोलका अफरोज आलमले भगवान् श्रीकृष्णलाई लक्षित गर्दै अत्यन्त अश्लील, अपमानजनक र घृणायुक्त अभिव्यक्ति सामाजिक सञ्जालमा सार्वजनिक गरेको आरोप उल्लेख गरिएको छ । यता अफरोज आलमले भने तीन वर्षअघि भूलवश त्यस्तो टिप्पणी भएको भन्दै क्षमायाचना गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत नै भविष्यमा यस्ता अभिव्यक्ति नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# प्रसारण लाइनमुनि पर्ने जग्गा कित्ताकाट गर्न मिल्ने, सरकारद्वारा नयाँ व्यवस्था लागू

**काठमाडौं,११ पुस ।** सरकारले विद्युतीय प्रसारण लाइनको तारमुनि पर्ने जग्गाको कित्ताकाट गर्न सकिने व्यवस्था लागू गरेको छ । भूउपयोग नियमावली, २०७९ को तेस्रो संशोधनमार्फत प्रसारण लाइनको मार्गाधिकार (राइट अफ वे) मा पर्ने जग्गाको स्वामित्व सम्बन्धित जग्गाधनीकै नाममा राख्दै कित्ताकाट गर्न मिल्ने व्यवस्था गरिएको हो । प्रसारण लाइन निर्माणमा देखिँदै आएका समस्या समाधान गर्न ल्याइएको यो व्यवस्था गत २७ कात्तिकमा राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आइसकेको छ । नयाँ प्रावधानअनुसार राइट अफ वे क्षेत्रको कित्ताकाट गर्न पाइने भए पनि सुरक्षा मापदण्ड भने यथावत् रहनेछन् । राइट अफ वे भित्र घर तथा अन्य संरचना निर्माण गर्न, अग्ला रुख रोप्न वा जोखिमयुक्त गतिविधि गर्न पाइने छैन । प्रसारण लाइनको सुरक्षित सञ्चालन, मर्मतसम्भार र सार्वजनिक सुरक्षालाई ध्यानमा राखी लाइनको केन्द्रबाट दायाँ-बायाँ निश्चित दूरीसम्मको क्षेत्रलाई राइट अफ वेका रूपमा तोकिएको हुन्छ । भोल्टेज स्तरका आधारमा राइट अफ वेको चौडाइ फरक-फरक तोकिएको छ ।

६६ र १३२ केभी प्रसारण लाइनमा तारको केन्द्रबाट दायाँ-बायाँ ९-९ मिटर गरी १८ मिटर, २२० केभीमा १५-१५ मिटर गरी ३० मिटर र ४०० केभी प्रसारण लाइनमा २३-२३ मिटर गरी ४६ मिटर राइट अफ वे कायम रहने व्यवस्था छ ।

प्रसारण लाइन निर्माण गर्दा टावर प्याड पर्ने जग्गा भने मुआब्जा दिई अधिग्रहण गरिन्छ र स्वामित्व आयोजनाकै नाममा रहनेछ । तर राइट अफ वेमा पर्ने जग्गाको स्वामित्व जग्गाधनीकै नाममा राख्दै मूल्याङ्कन गरिएको रकमको १० देखि २५ प्रतिशतसम्म क्षतिपूर्ति दिने प्रचलन रहेको छ ।

सम्बन्धित आयोजनाबाट जग्गा प्राप्तिको निर्णय र क्षतिपूर्ति उपलब्ध गराइएको प्रमाणसहित निवेदन आएमा जग्गाको स्वामित्व जग्गाधनीकै नाममा कायम रहने गरी राइट अफ वे क्षेत्रको कित्ताकाट गर्न सकिने व्यवस्था नियमावलीमा स्पष्ट गरिएको छ । यसअघि राइट अफ वे क्षेत्र पर्ने जग्गाको पूरै कित्ताकाट गर्न नपाउँदा नामसारी, धितो राख्ने तथा जग्गा कारोबारमा समस्या हुँदै आएको थियो । नयाँ व्यवस्थापछि राइट अफ वेमा पर्ने जग्गा कित्ताकाट गर्न सकिने भएकाले जग्गाधनीले आफ्नो सम्पत्ति कानुनी रूपमा उपयोग गर्न पाउने र जग्गा कारोबारसमेत सहज हुने अपेक्षा गरिएको छ ।

# चिसो बढेसँगै जलेश्वरसहित महोत्तरीका जनजीवन प्रभावित



**जनकपुर,११ पुस ।** पछिल्लो एक सातायतादेखि चिसो अत्यधिक बढेसँगै जिल्ला सदरमुकाम जलेश्वरसहित मध्यवर्ती, पश्चिमवर्ती तथा दक्षिणवर्ती क्षेत्रका नागरिकको जनजीवन प्रभावित भएको छ । शीतलहर, चिसो कठ्याग्रिङ्दो हावा, हुस्सु र बाक्लो कुहिरोका कारण यही पुस ४ गतेदेखि मौसम प्रतिकूल हुँदा सर्वसाधारणका साथै पशुचौपाया, पशुपक्षी तथा बालीनाली सबै प्रभावित भएका छन् । निरन्तरको बढ्दो जाडोका कारण यो वर्ष कुनै मानवीय क्षति नभए पनि जिल्लाको मध्यवर्ती, पश्चिमवर्ती तथा पूर्व दक्षिणवर्ती विभिन्न गाउँबस्तीका सर्वसाधारणको दैनिकी कष्टकर बनेको स्थानीय बताउँछन् ।

चिसोका कारण मानिसले कुनै पनि कामकाज गर्न पाएका छैनन् भने बालबालिका र वृद्धवृद्धा बिरामी हुने क्रम बढेको प्रादेशिक अस्पताल जलेश्वरका प्रमुख डा विकास साहले बताए ।

उनका अनुसार अस्पतालमा अहिले दैनिक १५० देखि २०० सम्म बिराम आउने गरेका छन् । बारी तथा खेतमा लगाइएको हिउँदेबाली, दलहन र तरकारी पनि चिसोका कारण कुहिन थालेका किसानले बताएका छन् । चिसोका कारण जिल्ला सदरमुकाम जलेश्वरसहित सहरी तथा ग्रामीण भेगमा मानिसको चहलपहलमा कमी आएको छ ।

यसैबीच, जिल्लाका विभिन्न बजारमा बाक्लो ऊनीका कपडाको बिक्री भने बढेको व्यापारी बताउँछन् । बढ्दै गरेको चिसोलाई मध्यनजर गर्दै जिल्ला विपद् व्यस्थापन समितिले जिल्लाका १५ वटै पालिकालाई आइपर्ने विपद्सँग जुध्नका लागि तयार भएर बस्न निर्देशन दिएको छ ।

# हुस्सु-कुहिरोमा दुर्घटना रोक्न रौतहटका मुख्य सडकमा रिफलेक्ट स्टिकर अभियान




**रौतहट,११ पुस ।** बाक्लो हुस्सु र कुहिरोका कारण विशेषगरी रातिको समयमा बढ्न सक्ने सवारी दुर्घटना न्यूनीकरण गर्न रौतहट जिल्लाका प्रमुख सडक खण्डहरूमा रिफ्लेक्ट स्टिकर टाँस्ने अभियान सुरु गरिएको छ । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाले तयार पारेको र मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामबाट स्वीकृत ‘सडक दुर्घटनाविरुद्ध युवा-२०८२’ कार्ययोजनाअन्तर्गत उक्त अभियान सञ्चालन गरिएको हो । अभियान अन्तर्गत रौतहटको पूर्व-पश्चिम राजमार्गमा पर्ने धनसर पुलदेखि बागमती पुलसम्म तथा चन्द्रनिगाहपुर-गौर सडक खण्डको बालचनपुर क्षेत्रसम्म पुल, कल्भर्ट, साइनबोर्डलगायत जोखिमयुक्त स्थानमा करिब ३५० फिट बराबरका विभिन्न रङका रिफ्लेक्ट स्टिकर टाँसिएको जिल्ला ट्राफिक प्रहरी प्रमुख इन्स्पेक्टर राजेन्द्र थापा मगरले जानकारी दिए । ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको संयुक्त सहकार्यमा अभियान सम्पन्न गरिएको हो । इन्स्पेक्टर मगरका अनुसार कम दृश्यता हुने रात्री समयमा रिफ्लेक्ट स्टिकरले सडकको पहिचान स्पष्ट बनाउने, चालकलाई मार्ग देखाउन

बाँकी तेश्रो पृष्ठमा⇨

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा